# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०६ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला नुवाकोट, बेलकोटढी नगरपालिकामा कार्यरत सब इन्जिनियर बद्री भण्डारीले विज्ञापन बापतको कमिसनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरी रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निज सब इन्जिनियर बद्री भण्डारीलाई सेवाग्राहीसँग रू.३५०००।—(पैतीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज बद्री भण्डारीले बेलकोटगढी नगरपालिका नुवाकोटको विज्ञापन प्रकाशित गरेबापत सेवाग्राहीसँग रू.३५,०००।—(पैतीस हजार) घुस/रिसवत माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज बद्री भण्डारीलाई बिगो रू.३५,०००।—(पैतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता